रसुवा जिल्ला अदालत
धुन्चे, रसुवा

फोनः-०१०५४०१२०
फ्याक्सः-०१०५४०२२६
ईमेलः-info.dcrasuwa@supremecourt.gov.np

प.सं :- ०७८/७९

मितिः- २०७८।०५।०३

# सूचना ! सूचना !! सूचना !!!

विषयः- मेलमिलापकर्ताको सूचि अध्यावधिक गर्ने सम्बन्धमा।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक वर्ष मेलमिलापकर्ताको सूचि अद्यावधिक गर्नु पर्ने भएकोले मेलमिलापकर्ताको रुपमा यस अदालतमा सुचिकृत हुन इच्छुक तपसिलमा उल्लेखित योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ.नियमावलीको अनुसुची-२ को ढाँचामा तपसिलमा लेखिए अनुसार कागजपत्र राखी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी
४. मेलमिलापकर्ताको पासपोर्ट साईजको फोटा-२ प्रति
५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिईएको स्वीकृतको प्रतिलिपि, संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि
६. मेलमिलाप सम्बन्धी अन्य तालिम लिएको भए सोको प्रतिलिपि

२०७८।०५।०३
स्रेस्तेदार
उप सचिव
(मुना अधिकारी ढकाल)
स्रेस्तेदार/उप-सचिव